नेपाल सरकार

अर्थ मन्त्रालय

# नेपाल बीमा प्राधिकरणको अध्यक्ष पदमा नियुक्तिको लागि नाम सिफारिस गर्न गठित सिफारिस समितिको सूचना

**(प्रकाशित मितिः- २०८३/२/१३)**

नेपाल बीमा प्राधिकरणको रिक्त अध्यक्ष पदमा नियुक्तिको लागि नाम सिफारिस गर्नुपर्ने भएकोले देहाएका योग्यता पुगेका नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (मिति २०८३/२/१९) भित्र कार्यालय समयमा अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरवार, काठमाडौंमा अवस्थित समितिको सचिवालयमा व्यक्तिगत विवरण पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

१. <u>आवश्यक योग्यता तथा अनुभवः</u>

(अ) बीमा ऐन, २०७९ को दफा ८ को उपदफा (१) (क) बमोजिम बीमा, मौद्रिक, बैंकिङ्, वाणिज्यशास्त्र, इञ्जिनियरिङ्, व्यवस्थापन, जनप्रशासन, तथ्याङ्कशास्त्र, गणित, अर्थशास्त्र वा कानून विषयमा कम्तिमा स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तिमा पाँच वर्षको उच्च व्यवस्थापकीय कार्य अनुभव हासिल गरेको,

(आ) उच्च नैतिक चरित्र भएको,

(इ) बीमा ऐन, २०७९ को दफा ८ को उपदफा (३) बमोजिम अयोग्य नभएको।

(ई) अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयनसम्बन्धी मापदण्ड, २०७३ ले तोके बमोजिम तीस वर्ष उमेर पूरा भई पैंसट्ठी वर्ष उमेर ननाघेको, तथा देहायको अयोग्यता नरहेकोः

(क) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन, लागू औषध कारोबार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

(ख) प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन वर्ष पूरा नभएको,

(ग) कुनै विदेशी मुलुकमा स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(घ) सार्वजनिक निकायको कुनै ठेक्का पट्टा सम्झौता गरी काम गरिरहेको,

(ङ) मानिसक सन्तुलन ठीक नभएको।

२. <u>व्यक्तिगत विवरण पेश गर्ने प्रक्रिया तथा संलग्न गर्नुपर्ने कागजातः</u>

(अ) वैयक्तिक विवरण (Bio-Data),

(आ) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(इ) शैक्षिक योग्यताको प्रमाणपत्र र पेशागत अनुभव पुस्टयाई गर्ने प्रमाणित कागजात,

(ई) अर्थ मन्त्रालयको वेबसाईट www.mof.gov.np मा प्रकाशित नेपाल बीमा प्राधिकरणको अध्यक्ष पदमा नियुक्ति सम्बन्धी सूचनासाथ संलग्न तोकिएको ढाँचाको स्वघोषणा।

३. <u>अन्य विवरणः-</u>

(अ) व्यक्तिगत विवरणमा झुट्टा विवरण वा कागजात पेश गरेमा त्यस्तो व्यक्तिगत विवरण रद्द हुनुका साथै प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

(आ) यस सम्बन्धी थप जानकारी अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरवार वा **टेलिफोन नम्बर ०१-४२११३८०** मा सम्पर्क गर्न सकिनेछ।

(इ) यसमा उल्लेख भए बाहेकका अन्य कुरा बीमा ऐन, २०७९ र अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ।

**व्यक्तिगत विवरणको साथमा पेश गर्नुपर्ने स्वघोषणा फाराम**

## स्वघोषणा फाराम

म मुलुक र जनताको सर्वोत्तम हितलाई ध्यानमा राखी, व्यक्तिगत स्वार्थभन्दा माथि उठेर पदीय जिम्मेवारी निर्वाह गर्नका लागि **नेपाल बीमा प्राधिकरणको अध्यक्ष** पदमा नियुक्ति हुनका लागि प्रचलित कानुनमा तोकिएबमोजिमका सम्पूर्ण योग्यता पूरा गरेको एवं कानुनबमोजिम अयोग्य नरहेको हुँदा देहायबमोजिमका विवरणसहित यो स्वघोषणा गरी पेश गरेको छु।

१. **नाम, थर (नेपालीमा)**ः

२. **Name (In English) :**

३. **जन्म मितिः वि.सं.:** **इ.सं.:**

४. **स्थायी ठेगानाः**

५. **हालको ठेगानाः**

६. **नागरिकता प्रमाणपत्र / राष्ट्रिय परिचयपत्र नं.:**

७. **जारी मिति र जिल्लाः**

८. **सम्पर्क नं.:**

९. **इमेलः**

१०. **शैक्षिक योग्यताः**

११. मेरो विस्तृत वैयक्तिक विवरण (Bio-Data), नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र पेशागत अनुभव पुस्ट्याइँ गर्ने प्रमाणित कागजात स्वयं प्रमाणित गरी यसै साथ संलग्न राखी पेश गरेको छु।

१२. **निम्न लिखित व्यहोराको स्वयम् घोषणाको विवरणः**

(क) मैले बीमा, मौद्रिक, बैंकिङ्, वित्तीय, वाणिज्यशास्त्र, इञ्जिनियरिङ्, व्यवस्थापन, जनप्रशासन, तथ्याङ्कशास्त्र, गणित, अर्थशास्त्र वा कानून विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हाँसिल गरेको छु।

(ख) मेरो सम्बन्धित क्षेत्रको उच्च व्यवस्थापकीय तहमा ............ वर्षको कार्य अनुभव रहेको छ।

(ग) मेरो उमेर ............वर्ष पुगेको छ।

(घ) म बीमकको कर्मचारी, सञ्चालक, परामर्शदाता वा बहालवाला कर्मचारीको रूपमा कार्यरत रहेको छैन।

(ङ) कुनै पनि बीमकमा मेरो वा मेरो एकाघरको परिवारको कुनै सदस्य आधारभूत शेयरधनीको रुपमा रहेको वा वित्तीय स्वार्थ भएको वा कुनै बीमकको वित्तीय स्वार्थ भएको सङ्गठित संस्थाको आधारभूत शेयरधनी रहेको छैन।

(च) मैले अदालत वा प्रचलित कानून बमोजिम स्थापना भएको नियमनकारी निकायबाट कुनै दण्ड सजाय पाएको छैन।

(छ) म बीमकको सञ्चालक समितिको अध्यक्ष, सदस्य, कार्यकारी प्रमुख तथा उच्च व्यवस्थापकीय पदाधिकारीको पदमा कार्यरत छैन/ त्यस्तो पदबाट अलग भएको दुई वर्ष पूरा भइसकेको छ।

(ज) म कुनै पनि राजनीतिक दलको सदस्य रहेको छैन।

(झ) मेरो र एकाघर परिवारको कुनै पनि सदस्यको नेपाल बीमा प्राधिकरणसँगको ठेक्कापट्टा वा कुनै चलअचल सम्पत्ति कारोबारमा संलग्नता वा बोर्डसँग निजी स्वार्थ छैन।

(ञ) मेरो नाममा व्यक्तिगत बेरुजू बाँकी छैन।

(ट) म भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, बैंकिङ् कसूर, चोरी, कीर्ते, ठगी, जालसाजी, आतङ्ककारी कार्य, मानव बेचविखन, लागू औषध कारोवार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तु सम्बन्धी कसूर, राहदानी दुरूपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर भएको छैन।

(ठ) म टाट पल्टेको वा बेइमानी वा जालसाजी आरोपमा सजाय पाएको एवं दामासाहीमा परेको छैन।

(ड) म प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश भएको छैन/त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन बर्ष पूरा भईसकेको छ।

(ढ) म भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको छैन।

(ण) मैले विदेशी मुलुकको नागरिकता वा स्थायी/अस्थायी आवासीय अनुमति पत्र वा सुविधा प्राप्त गरेको छैन।

(त) म हाल कुनै अन्तर्राष्ट्रिय वा विदेशी सहायताद्धारा सञ्चालित गैरसरकारी संस्थामा आबद्ध छैन।

(थ) मलाई नियामक निकायबाट कार्यकारी प्रमुख हुन अयोग्य हुने गरी तोकिएको छैन।

(द) मैले बीमा ऐन, २०७९ को दफा ८ को उपदफा (१) बमोजिमको योग्यता र अनुभव हासिल गरेको छु। सोही दफाको उपदफा (३) बमोजिम अयोग्य रहेको छैन।

(ध) मैले अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयनसम्बन्धी मापदण्ड, २०७३ (संशोधन सहित) को दफा ३ बमोजिमको योग्यता र अनुभव हासिल गरेको छु। र ऐ. मापदण्डको दफा ४ बमोजिम अयोग्य रहेको छैन।

(न) तहाँबाट थप विवरण माग भएमा सो विवरण तोकिएको समयमा पेश गर्नेछु।

१३. मैले पेश गरेका शैक्षिक योग्यता, नागरिकता, अनुभवलगायतका सबै कागजात सक्कलबमोजिमका छाँयाप्रति हुन्। यस साथ संलग्न कागजात र प्रमाणको भार ममा निहित रहनेछ। साथै, मैले

पेश गरेको मेरो व्यक्तिगत विवरण (CV) मा उल्लिखित सम्पूर्ण व्यहोरा सत्य र ठीक साँचो हो, फरक परेको छैन। झुट्ठा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला।

**स्वघोषणा गर्ने व्यक्तिको** -

**दस्तखतः**

| दायाँ | बायाँ |
| --- | --- |
| | |

**मिति :**